# मर्स्याङ्दी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### भुलभुले, लमजुङ

### गण्डकी प्रदेश, नेपाल

# कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

पारित मितिः २०८३/०३/२०

# कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

प्रस्तावनाः

मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु सेवाबाट अलग भएको अवस्थामा निजहरुले पाउने उपदान, औषधी उपचार खर्च, निवृत्तभरण लगायत आर्थिक सेवा सुविधाहरु उपलब्ध गराउने प्रयोजनको लागि कर्मचारी कल्याण कोषको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मर्स्याङ्दी गाउँपालिकाले गाउँसभाबाट "कर्मचारी कल्याण कोष संचालन तथा व्यव्थापन ऐन, २०८३" पारित गरी लागू गरेको छ।

## परिच्छेद १

## संक्षिप्त नाम, प्रारम्भ र उद्धेश्य

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस ऐनको नाम "कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३" रहेको छ।

ख. यो ऐन गाउँसभाबाट स्वीकृत भई मर्स्याङ्दी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा र व्याख्या

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "अध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ख. "उपाध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

ग. "गाउँपालिकाको कार्यालय" भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन भएको मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी कल्याण कोष संचालन तथा व्यवस्थापन ऐन, २०८३ सम्झनु पर्दछ ।

ङ. "कोष" भन्नाले यसै ऐनको दफा ४ बमोजिम स्थापना भएको मर्स्याङ्दी गाउँपालिका कर्मचारी कल्याण कोष सम्झनु पर्दछ।

च. "सभा" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

छ. "कार्यपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ज. "कर्मचारी" भन्नाले कर्मचारी समायोजन भई आएका वा प्रदेश लोकसेवा आयोगबाट स्थायी नियुक्ती पाएका वा साविक गाउँ विकास समिति वा जिल्ला विकास समितिमा स्थायी नियुक्ती

पाई समायोजन भएर आएका वा मर्स्याङ्दी गाउँपालिकाबाट करार नियुक्ती पाएका मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज अनुसारको पदमा कार्यरत स्थानीय सेवाका स्थायी, अस्थायी र करारका कर्मचारी सम्झनु पर्दछ ।

झ. “सञ्चालक समिति” भन्नाले कोष सञ्चालनको लागि गठन भएको समिति सम्झनु पर्दछ ।

ञ. “आर्थिक वर्ष” भन्नाले श्रावण १ गतेबाट सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ट. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मर्स्याङ्दी गाउँपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ठ. “आर्थिक प्रशासन शाखा प्रमुख” भन्नाले मर्सयाङ्दी गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख सम्झनु पर्दछ।

ड. “मन्त्रालय” भन्नाले भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ ।

ढ. “सेवाबाट अलग” भन्नाले मर्स्याङ्दी गाउँपालिकाको सेवाबाट अवकाश प्राप्त गरेको, अन्य कुनै कारणले नोकरीबाट अलग भएको र बढुवा वा प्रतिस्पर्धात्मक परीक्षामा उत्तीर्ण भई प्रदेश वा संघीय निजामती वा सरकारी सेवामा गएको अवस्था सम्झनु पर्दछ।

ण. “एकाघरको परिवार” भन्नाले सम्बन्धित कर्मचारीको आमा, बुवा , पति वा पत्नी, नाबालक भाई वा बहिनी र छोर वा छोरी सम्झनु पर्दछ।

त. “सेवा अवधि” भन्नाले दफा ३१ बमोजिमको अवधि सम्झनु पर्दछ।

३. उद्देश्य

क. यस ऐन वमोजिम कर्मचारी कल्याण कोषमा आवद्ध भएका कार्मचारीहरुका लागि सेवाबाट अलग भएको अवस्थामा निजहरुले प्रचलित कानून र यस ऐन बमोजिम पाउने उपदान, औषधी उपचार खर्च, निवृत्तभरण लगायत आर्थिक सेवा सुविधा उपलब्ध गराउनु,

ख. कर्मचारी बिरामी भई वा दुर्घटना वा प्राकृतिक विपत्तीमा परी उसको जीवनमा क्षति पुगेको अवस्थामा आर्थिक सहायता मार्फत निजको सामाजिक सुरक्षाको प्रत्याभुति गर्नु,

ग. कर्मचारी कल्याण कोषको परिचालन तथा वृद्धि सम्बन्धी व्यवस्था यसै ऐन अनुसार गर्ने गराउने व्यवस्था मिलाउनु,

घ. कर्मचारी कल्याण कोष सञ्चालन प्रक्रियामा एकरुपता ल्याउँदै स्पष्ट, पारदर्शी तथा व्यवस्थित प्रक्रियाको स्थापना गर्नु ।

अर्जुन गुरुङ
अध्यक्ष

## परिच्छेद २

## कल्याण कोषको स्थापना, सदस्यता र प्रयोग सम्बन्धी व्यवस्था

४. कल्याण कोषको स्थापना

१. मर्स्याङदी गाउँपालिकामा "मर्स्याङ्दी गाउँपालिका कर्मचारी कल्याण कोष" नामको एक कोष रहनेछ ।

२. यो ऐन जारी हुनुभन्दा पहिला स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम जम्मा भएको रकम उपदफा (१) बमोजिम स्थापना हुने कोषको रकम मानिनेछ ।

३. उपदफा (१) बमोजिम स्थापना हुने कोषमा गाउँपालिकाबाट प्रत्येक आर्थिक वर्षमा कम्तीमा एकमुष्ठ रु.२० लाख रकम जम्मा गरिनेछ।

४. कोष सञ्चालनका लागि गाउँपालिकामा स्थानीय सेवा तर्फका स्थायी, अस्थायी तथा करारका कर्मचारीहरुले पाउने सुरु तलब स्केलको बार्षिक रुपमा एक महिनाको तलब बराबरको रकम गाउँपालिकाबाट उक्त कोषमा जम्मा गरिनेछ। स्थानीय सेवा तर्फका स्थायी प्रकृतिका कर्मचारीहरुको सेवा सुविधा र कोषको हकमा संघीय तथा प्रदेश कानुन नबन्दा सम्म यसै ऐन बमोजिम हुनेछ।

५. माथि उल्लेखित रकम बाहेक उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछः

क. कर्मचारी कल्याण कोषको लागि गाउँपालिकाले हालसम्म छुट्याएको रकम,

ख. कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

ग. कोषमा रहेको रकमबाट प्राप्त सावा र ब्याज रकम,

घ. कोषको लगानीबाट प्राप्त मुनाफा, रोयल्टी, सावा फिर्ता, मुनाफाको ब्याज बापतको रकम,

ङ. कर्मचारीलाई सुविधा दिने प्रयोजनको लागि गाउँपालिकाले बिनियोजन गरेको अन्य प्रकारका रकम।

५. सदस्यता

१. गाउँसभाले स्वीकृत गरेको दरवन्दी तेरिज अनुसारका पदमा कार्यरत रहेका स्थानीय सेवा तर्फका स्थायी, अस्थायी र करार कर्मचारी स्वतः कर्मचरी कल्याण कोषको सदस्य हुनेछन।

२. उपदफा (१) बमोजिम सदस्यता प्रस कर्मचारी सेवा निवृत्त भएमा वा जुनसुकै कारणबाट सेवाबाट अलग भएमा निजको सदस्यता सवतः समाप्ति हुनेछ।

३. प्रत्येक सदस्यको अनुसूची १ बमोजिमको सदस्यता दर्ता किताब खडा गरी अभिलेख राख्नु पर्नेछ।

६. कोषको प्रयोग

कर्मचारी कल्याण कोषको रकम देहाय बमोजिमको प्रयोजनको लागि प्रयोग गर्न सकिनेछ :

१. स्थानीय सेवा तर्फका स्थायी कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएकोमा प्रचलित कानूनी व्यवस्था अनुसार उपदान वा निवृत्तभरण सुविधा पाउने भएमा सो उपलब्ध गराउन। तर स्थायी कर्मचारीको उपदान र निवृत्तभरण सम्बन्धमा संघीय र प्रदेश कानून बमोजिम अन्य कोषबाट व्यहोर्ने भएमा सोही बमोजिम हुनेछ।

२. स्थानीय सेवा तर्फका कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएकोमा दफा ८ बमोजिम सञ्चित घर विदा र विरामी विदा वापत सुविधा रकम उपलब्ध गराउन।

३. दफा ९(१) मा उल्लेख भए बमोजिम कर्मचारी मृत्यु हुँदा, सेवाबाट निवृत्त हुँदा र विरामी, दुर्घटना, प्राकृतिक विपदमा पर्दाको बखत आर्थिक सुविधा तथा सहायता उपलब्ध गराउन।

४. स्थानीय सेवा तर्फका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा छुट्टै ऐन बनेपछि सो बमोजिम हुने, तर त्यसरी छुट्टै ऐन नबन्दा सम्म निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० बमोजिम स्थानीय सेवाका स्थायी कर्मचारीहरुलाई निजामती कर्मचारीले पाए सरहको सुविधाहरु उपलब्ध गराउन। तर संघीय निजामती सेवाबाट यस गाउँपालिकामा समायोजन भएका कर्मचारीको हकमा संघीय सरकारले सुविधा उपलब्ध नगराउने भएमा मात्र यस दफा बमोजिमको सुविधा उपलब्ध गराईनेछ। निजामती सेवा ऐन तथा नियमावली र यस ऐन बमोजिम सुविधा दोहोरो पर्ने भएमा कर्मचारीले रोजेको कुनै एक सुविधा मात्र उपलब्ध गराईनेछ।

५. कोष माथि अदालतको आदेशले सिर्जना भएको दायित्व वा दफा १३ बमोजिमको फिर्ता गर्नुपर्ने रकम उपलब्ध गराउन।

७. दफा ६ को उपदफा ४ को प्रयोजनको लागि निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मा व्यवस्था भएको नेपाल सरकारले गर्ने काम वा निर्णय गाउँ कार्यपालिकाले, मन्त्रालयको सचिवको, विभागीय प्रमुखको र नियमावलीको नियम ९५ र १०० बमोजिमका समितिका काम वा निर्णय दफा १८ बमोजिम गठित सञ्चालक समितिले र मेडिकल बोर्डको काम दफा २८ बमोजिम गठित समितिले गर्नेछ।

८. कर्मचारीले सञ्चित घर विदा र विरामी विदा सुविधा पाउने

१. गाउँपालिकामा कार्यरत स्थानीय सेवा तर्फका स्थायी कर्मचारी तथा साविक गाउँ विकास समिति वा जिल्ला विकास समिति बाट स्थायी नियुक्ति पाएका कर्मचारीले प्रचलित कानून बमोजिम पाउने सञ्चित घर विदा र विरामी विदा वापतको सुविधा यस ऐन बमोजिमको कोषबाट प्रदान गरिनेछ।

२. गाउँपालिकामा कार्यरत स्थानीय सेवा तर्फका अस्थायी र करार कर्मचारीले प्रति महिनाको एक दिन घर विदा सञ्चित गरी राख्न पउनेछन। सो बापतको रकम सेवाबाट अलग हुँदा यसै कोषबाट प्रदान गरिनेछ। यस उपदफाको प्रयोजनको लागि करार कर्मचारीहरुको सञ्चित घर विदाको गणना यो ऐन लागू भएको आ.व.को आगामी आ.व.बाट गणना हुनेछ।



अर्जुन गुरुङ
अध्यक्ष

९. (१) कोषबाट निम्न अवस्थामा देहायको आर्थिक सहायता उपलब्ध गराईनेछ।

क. बिरामी हुँदा बिरामी उपचार सहायता

कर्मचारी वा निजको एकाघरको परिवार गम्भीर बिरामी भई सल्यक्रिया वा उपचार गर्दा निजको सुरु तलब स्केलको २ महिनाको तलब भन्दा बढी खर्च लागेमा सञ्चालक समितिको निर्णयबाट सम्बन्धित खर्च पुष्ट्याईको आधारमा एकमुष्ठ रुपमा निजको सुरु मासिक तलब स्केलको १५ गुणासम्मको रकम बिरामी उपचार सहायता वापत उपलब्ध गराउन सकिनेछ।

ख. दुर्घटना पर्दा दुर्घटना उपचार सहायता

कर्मचारी दुर्घटना वा प्राकृतिक विपत्तीमा परी उपचार गर्नुपर्दा निजको सुरु तलब स्केलको १ महिनाको तलब भन्दा बढी खर्च लागेमा सञ्चालक समितिको निर्णयबाट सम्बन्धित खर्च पुष्ट्याईको आधारमा एकमुष्ठ रुपमा निजको सुरु मासिक तलब स्केलको १० गुणासम्मको रकम दुर्घटना उपचार सहायता बापत उपलब्ध गराईनेछ।

ग. मृत्यु हुँदा सन्तती शैक्षिक वीमा सहायता

मर्स्याङ्दी गाउँपालिकाको सेवामा वहाल रहेको अवस्थामा कुनै कर्मचारीको मृत्यु भएमा कर्मचारीको नावालक सन्ततीहरुलाई सन्तती शैक्षिक वीमा सहायता उपलब्ध गराईनेछ। यस्तो रकम मुद्दती खाता (Fixed Deposit) को रुपमा सन्ततीहरुको संयुक्त खाता खोली सञ्चालक समितिले तोकेको बैंकमा जम्मा गरिनेछ र उक्त सञ्चित रकम सन्ततीहरु मध्ये सबैभन्दा कम उमेरको सन्तान १८ बर्ष उमेर पुरा भएपछि मात्र निजहरुले प्राप्त गर्नेगरी व्यवस्था गरिनेछ। प्रदान गरिने सहायता रकम अनुसूची २ बमोजिम हुनेछ।

घ. सेवाबाट अलग हुँदा विशेष सम्मान सहायता

मर्स्याङ्दी गाउँपालिकामा कार्यरत स्थानीय सेवाको स्थायी, अस्थायी वा करारको कर्मचारी सेवाबाट अलग हुँदा अनुसूची २ बमोजिमको विशेष सम्मान सहायता वापतको एकमुष्ठ रकम प्रदान गरिनेछ।

ङ. परिवारलाई किरिया खर्च सहायता

कुनै कर्मचारीको सेवामा बहाल रहेको बखत मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ किरिया खर्च सहायता बापत निजको सुरु तलब स्केलको एक महिना बराबरको रकम उपलब्ध गराईनेछ।

(२) उपदफा (१) बमोजिमको सहायता प्राप्त गर्न निम्न योग्यता पुगेको हुनुपर्दछः

क. उपदफा (१) को क. र ख. को लागि मर्स्याङ्दी गाउँपालिकामा अविच्छिन्न रुपमा १ बर्षभन्दा बढी सेवा गरेको।

अर्जुन गुरुङ
अध्यक्ष

ख. उपदफा (१) को ग. को लागि मर्स्याङ्दी गाउँपालिकामा अविच्छिन्न रुपमा ३ बर्ष भन्दा बढी सेवा गरेको।

ग. उपदफा (१) को घ. को लागि मर्स्याङ्दी गाउँपालिकामा स्थायी कर्मचारीको हकमा अविच्छिन्न रुपमा ३ वर्ष भन्दा बढी र करार कर्मचारीको हकमा अविच्छिन्न रुपमा १० बर्ष भन्दा बढी सेवा गरेको।

घ. तर दफा ६ को उपदफा ४ बमोजिम स्थायी कर्मचारीलाई सुविधा उपलब्ध गराउन यस उपदफाले बाधा पुर्याएको मानिने छैन।

१०. उपदान

साविक गाउँ विकास समिति वा जिल्ला विकास समिति बाट स्थायी नियुक्ति भई मर्स्याङ्दी गाउँपालिकामा समायोजन भई दफा ४ बमोजिमको कोषमा आवद्ध कर्मचारीले वीस वर्ष वा सो भन्दा बढी सेवा गरेमा प्रत्येक वर्षको निमित्त खाईपाई आएको एक महिनाको तलब बराबरको एकमुष्ठ रकम उपदान वापत प्रदान गरिनेछ। यस दफा बमोजिम उपदान पाउने कर्मचारीले दफा ९ को उपदफा (१) को "घ" बमोजिमको विशेष सम्मान सहायता पाउने छैन।

११. कोषको रकम सापटी दिन सकिने

१. पाँच वर्ष स्थायी सेवा अवधि पुगेका मर्स्याङ्दी गाउँपालिकाका कर्मचारीलाई निजको कल्याण कोषमा जम्मा भएको रकमको नब्बे प्रतिशत बाराबरको रकम सापटीको रुपमा प्रदान गर्न सकिनेछ। कर्मचारीले कोषबाट रकम सापटी लिन अनुसुची ३ वमोजिमको सापटी निवेदन पेश गर्नु पर्नेछ।

२. समितिले कर्मचारीलाई प्रदान गरेको सापटी रकमलाई दुई/दुई वर्षमा नवीकरण गर्न सक्नेछ।

३. कर्मचारीले एक पटक लिएको सापटी रकम चुक्ता नगरेसम्म पुनः सापटी दिईने छैन।

४. कर्मचारीले कल्याण कोषबाट सापटी लिएको रकममा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम ब्याज लाग्नेछ।

१२. सापटी सुरक्षा

गाउँपालिकामा कार्यरत कर्मचारीहरुले कर्मचारी कल्याण कोषमा जम्मा रहेको सञ्चित रकम मध्येबाट लिएको सापटी रकम फिर्ता नगरेसम्म कोषमा बाँकी रहेको रकमलाई सुरक्षणको रुपमा रोक्का राख्नु पर्नेछ।

१३. सापटी अवधि र फिर्ता भुक्तानी

१. कर्मचारीले लिएको सापटी रकमको भुक्तानी अवधि सापटी लिएको मितिबाट दुई वर्षको हुनेछ। सेवा अवधि दुई वर्षभन्दा कम बाँकी रहेका कर्मचारीको हकमा सापटीको चुक्ता अवधि

बाँकी सेवा अवधि नै हुनेछ। चुक्ता अवधि बाँकी छँदै एकमुष्ठ वा किस्ताबन्दीमा रकम चुक्ता गर्न चाहेमा चुक्ता गर्न सकिनेछ।

२. सापटी लिएका गाउँपालिकाका कर्मचारी जुनसुकै किसिमबाट सेवा निवृत्त भए तापनि कोषले लिनुपर्ने सम्पूर्ण रकम असुल नभएसम्म कोषमा सञ्चित रहेको रकम फिर्ता भुक्तानी दिईने छैन।

३. सापटी लिएको रकम भन्दा निजको सञ्चित बाँकी रकम कम भई कोषको लगानी नउठ्ने अवस्था परेमा त्यस्तो सापटी लिने कर्मचारीको जुनसुकै बाँकी बक्यौता रकम वा अन्य सम्पत्तिबाट बाँकी रकम असुल उपर गर्न सकिनेछ।

१४. जम्मा रकम फिर्ता पाउने

दफा (४) को उपदफा (४) बमोजिम नियमित रुपमा कोषमा रकम जम्मा गर्ने कर्मचारी सेवाबाट अलग हुँदासम्म यस कोषबाट पाउने कुनैपनि सुविधा नपाएको वा पाएकोमा आफुले जम्मा गरेको भन्दा कम रकम मात्र सुविधाको रुपमा पाएको रहेछ भने त्यसरी जम्मा गरेको रकम वा कम भएको रकम निजलाई सेवाबाट अलग हुँदा एकमुष्ठ रुपमा प्रदान गरिनेछ।

१५. सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्था

देहायको अवस्थामा गाउँपालिकाका स्थायी, अस्थायी तथा करारका कर्मचारीलाई पुरै वा आंशिक रुपमा कर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कर्यक्रमबाट दिईने सुविधाबाट बञ्चित गर्न सकिनेछ, तर बार्षिक रुपमा निजले कोषमा दाखिला गरेको रकम भने उपलब्ध गराईनेछ।

क. प्रचलित कानूनले जघन्य अपराध मानेको काम गरेको प्रमाणित भएमा।

ख. यस ऐन बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा।

ग. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा।

घ. कारवाही स्वरुप सेवाबाट बर्खास्त गरिएको भएमा।

१६. जुनसुकै शीर्षकबाट भुक्तानी हुने

कर्मचारी अवकाश हुँदा वा अन्य अवस्थामा कोषबाट रकम उपलब्ध गराउनुपर्दा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा बजेट रकमान्तर गरी भुक्तानी गर्न सकिनेछ।

१७. कोषको रकम प्रयोग गर्न नपाईने

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

क. नियमित प्रशासनिक कार्यका लागि,

ख. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

ग. कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

घ. गोष्ठी, अन्तर्क्रिया वा सभा सम्मेलन सञ्चालन गर्न,

ङ. कुनैपनि पूर्वाधार निर्माणका काम गर्न, गराउन,

च. दफा (३) र (६) को प्रतिकूल हुने गरी अन्य कुनै प्रकारको शीर्षकमा खर्च गर्न।

## परिच्छेद ३

## सञ्चालक समितिको गठन र बैठक प्रक्रिया

**१८. सञ्चालक समितिको गठन**

१. कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनको लगि एक सञ्चालक समिति रहने छ।

२. उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन:

क. गाउँपालिंकाको प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

ख. गाउँपालिकाको प्रशासन शाखा प्रमुख — सदस्य

ग. गाउँपाकिको अधिकृत स्तरको कर्मचारी मध्येबाट १ जना र सहायक स्तरको कर्मचारी मध्येबाट १ जना गरी अध्यक्षले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना स्थायी कर्मचारी — सदस्य

घ. गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य सचिव

३. उपदफा (२) (ग) बमोजिमका सदस्यहरुको कार्यकाल २ बर्षको हुनेछ। समितिले सम्भव भएसम्म सबै कर्मचारीहरुको पालो पर्ने गरी चक्रिय रुपमा सदस्य चयन गर्नुपर्नेछ।

**१९. सञ्चालक समितिको बैठकं**

१. सञ्चालक समितिको बैठक एक आर्थिक वर्षमा कम्तिमा दुई पटक बस्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले तोकेको समयमा गाउँपालिकाको कार्यालयमा सञ्चालक समितिको बैठक बस्ने छ ।

२. बैठकको निर्णय सर्वसम्मत रुपमा गर्नु पर्नेछ। यदि सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णयको रुपमा मान्नु पर्नेछ।

३. समितिको बैठकमा कुनै व्यक्तिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ तर त्यस्ता विशेषज्ञलाई मतदान गर्ने अधिकार हुने छैन ।

४. समितिको बैठकमा भएको काम कारबाही तथा निर्णय सञ्चालक समितिमा कुनै पद रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अवैध हुनै छैन ।

५. सञ्चालक समितिको प्रशासनिक खर्च गाउँपालिकाले व्यहोर्नु पर्नेछ । यस कोषवाट प्रशासनिक काममा खर्च गरिने छैन ।

६. समितिको बैठकको गुणपूरक संख्या पुग्न कुल सदस्य संख्याको कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति भएको हुनु पर्नेछ ।

२०. सञ्चालक समिति र समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१. बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने, गराउने,

२. गाउँ सभा, कार्यपालिका र पदाधिकारीहरुसँग समन्वय गरी कोषका लागि आवश्यक आर्थिक स्रोत जुटाउने,

३. कोषको आय वृद्धि गर्ने विविध कार्यक्रम सञ्चालन गर्ने,

४. कोष सञ्चालन सम्बन्धी हिसाबकिताब दुरुस्त राख्न लगाई कोषसँग सम्बन्धित आर्थिक कारोबारको हरेक आर्थिक बर्ष लेखापरीक्षण गराउने,

५. कोषमा आवद्ध सदस्यहरुलाई ऐन बमोजिम सुविधाहरु उपलब्ध गराउने।

२१. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व

१. कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस ऐनको उद्देश्य विपरीत हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैनन।

२. उपदफा (१) को प्रतिकूल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकमबाट जफत गर्न सकिने छ।

## परिच्छेद ४

## कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

२२. कोषको खाता

कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको नेपाल सरकारबाट मन्यताप्राप्त "क" वर्गको बैंकमा "मर्स्याङ्दी गाउँपालिकाको कर्मचारी कल्याण कोष" नामको बचत खाता खोली राखिनेछ। कोषसंग सम्बन्धित सवै कारोबार बैंक मार्फत गर्नु पर्नेछ ।

२३. खाता सञ्चालन

कोषसँग सम्बन्धित आर्थिक कारोबार प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट बैंक खाता मार्फत हुनेछ।

२४. भुक्तानीको व्यवस्था

सेवा अवधि गणना गरी कोष सञ्चालक समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम कोषबाट एकमुष्ठ रकम भुक्तानी हुनेछ।

२५. कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकीकरण

१. कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ।

२. कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

३. आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बार्षिक आयव्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेश गर्नुपर्नेछ।

२६. लेखपरीक्षण

१. कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको अन्तरिक लेखापरीक्षकले गर्नेछ। आन्तरिक लेखापरीक्षकको व्यवस्था नहुँदा सम्म सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण हुनेछ।

२. कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

३. लेखापरीक्षण प्रतिवेदन कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्नु पर्नेछ।

२७. रकम फ्रिज नहुने

जुनसुकै स्रोतबाट कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक बर्षमा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोष मै रहनेछ।

## परिच्छेद ५
## विविध

२८. दफा ७ बमोजिमको सिफारिस गर्न देहायका सदस्य सहितको समिति रहनेछ।

क. अध्यक्ष - सञ्चालक समितिको अध्यक्ष

ख. सदसय - आर्थिक प्रशासन शाखा प्रमुख

ग. सदस्य - प्रशासन शाखा प्रमुख

घ. सदस्य - सञ्चालक समितिको सिफारिसमा गाउँपालिकाले मनोनयन गरेका प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएका १ जना डाक्टर

ङ. सदस्य सचिव - गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख

यस समितिले सर्वसम्मतिले निर्णय गर्नेछ। डाक्टर सदस्यको उपस्थिति बिना बैठक बस्न र निर्णय गर्न पाईने छैन। दफा ९ को उपदफा १(क) र १(ख) को प्रयोजनको लागि कर्मचारीको सुरु



अर्जुन गुरुङ
अध्यक्ष

तलब स्केलको मासिक तलबको ५ गुणा भन्दा बढी रकम उपलब्ध गराउनुपर्ने भएमा सञ्चालक समितिले अनिवार्य रुपमा यस समितिको सिफारिस बमोजिम मात्र सुविधा उपलब्ध गराउने निर्णय गर्न सक्नेछ।

२८. निर्देशन दिन सक्ने

कोष सञ्चालन सम्बन्धी विषयमा गाउँ कार्यपालिकाले यस ऐनको प्रतिकूल नहुने गरी सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२९. सहयोगको लागि आह्वान गर्न सक्ने

कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा सञ्चालक समितिले गाउँपालिका समक्ष र गाउँपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्न सक्नेछ।

३०. दायित्व सर्ने

यो ऐन प्रारम्भ हुनुभन्दा अघि सिर्जना भएका गाउँपालिकाको कर्मचारी कल्याण कोषसँग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिमको कोषमा सर्नेछ। स्थानीय सेवा तर्फका कर्मचारीले पाउने सुविधा सम्बन्धमा संघ र प्रदेश सरकारको ऐन वा मापदण्ड बमोजिम ऐन बनी त्यसमा कर्मचारीको सुविधाको लागि स्थानीय कोषको व्यवस्था गर्नुपर्ने भएमा यस कोषलाई उक्त कोषमा बदल्न र अन्य कोषहरुबाट यस कोषमा रकम जम्मा गर्न सकिनेछ। त्यसरी अन्य कोषबाट यस कोषमा रकम जम्मा भई आएमा ती कोषको दायित्व समेत यस कोषमा सरेको मानिनेछ।

३१. सेवा अवधि

१. सेवा अवधि भन्नाले विक्रम संवत् २०७४ मा मर्स्याङ्दी गाउँपालिकाको स्थापना भएपश्चात यस गाउँपालिकाको निरन्तर सेवामा रहेको अवधि सम्झनु पर्दछ।
२. स्थायी सेवाका कर्मचारीको प्रचलित कानून बमोजिम उपदान, घर विदा सञ्चिती र विरामी विदा सञ्चिती लगायतको गणना प्रयोजनको लागि सोही कानूनमा भएको व्यवस्था बमोजिमको समयावधिलाई सम्झनु पर्दछ।
३. अन्य कानुनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक साविकका जुनसुकै स्थानीय निकायमा स्थायी नियुक्ती भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकाको स्थायी दरबन्दीमा समायोजन भएका वा अन्य गाउँपालिका वा नगरपालिकामा समायोजन भएको भए तापनि लोकसेवाबाट माथिल्लो पदमा सिफारिस भई यस गाउँपालिकाको पदमा स्थायी नियुक्ती पाएका वा लोकसेवा आयोगको सिफारिस बमोजिम अन्य स्थानीय तहमा नियुक्त भएको तर यस

गाउँपालिकामा सरुवा भई आएका कर्मचारीको प्रचलित कानुन बमोजिम उपदान, घर विदा र विरामी विदा सञ्चिती लगायतका सुविधा उपलब्ध गराउने प्रयोजनको लागि सेवा अवधि गणना गर्दा निजको साविकको स्थानीय निकायको वा स्थानीय तहको सेवालाई पनि गणना गरिनेछ र सुविधा प्रदान गरिनेछ, तर निजले साविकका कार्यालयबाट सुविधाहरु प्राप्त गरेको हुनु हुँदैन।

४. साविकको गाउँ विकास समिति र जिल्ला विकास समितिको कार्यालयले करार गरेको र यस गाउँपालिका स्थापना भएपछि पनि अविच्छिन्न करारमा काम गर्दै आएका कर्मचारीहरुको सेवा अवधि गणना गर्दा निजको सेवा अवधि सुरु करार भएको मिति देखि नै गणना गरिने छ, तर अविच्छिन्न सेवा गरेको पुष्टी हुनुपर्नेछ।

३२. नियमावली र मापदण्ड बनाउन सक्ने

यस ऐनको उद्देश्य र मुख्य प्रावधानहरुको प्रतिकुल नहुने गरी कर्यसञ्चालन सहज रुपमा गर्न सञ्चालक समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक नियमावली, मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ।

३३. संरक्षक

मर्स्याङ्दी गाउँकार्यपालिका यस कोषको संरक्षक रहनेछ। कोषको संरक्षणका लागि यस ऐनको प्रतिकुल नहुने गरी आवश्यक कार्य गर्नु गाउँकार्यपालिका र अध्यक्षको कर्तव्य हुनेछ।

३४. संसोधन, खारेजी र बचाऊ

क. यस ऐनमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नुपरेमा प्रचलित ऐन नियमको परिधिभित्र रही गाउँसभाले गर्न सक्नेछ।

ख. यस ऐनमा उल्लेख गरिएका कुराहरुको हकमा यसै ऐन अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग. ऐनमा लेखिएका कुराहरु संघीय वा प्रदेशको प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

घ. यो ऐन प्रारम्भ हुनुभन्दा अघि मर्स्याङ्दी गाउँपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भुलभुले, लमजुङ गण्डकी प्रदेश, नेपाल

अनुसूची १

## मर्स्याङ्दी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
## कर्मचारी कल्याण कोष
## सदस्यता दर्ता किताब

| सि.नं. | मिति | कर्मचारिको नाम | दर्जा | कट्टी रकमका शिर्षकहरु | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | निवृत्तभरण | उपदान | औषधी उपचार | अन्य |
| | | | | | | | |

अर्जुन गुरुङ
अध्यक्ष

## अनुसूची २

### दफा ९ को उपदफा (१) को (ग) र (घ) सँग सम्बन्धित

| क्र. सं. | सहायता प्रकार | | | |
|---|---|---|---|---|
| | सेवाबाट अलग हुँदा विशेष सममान सहायता | | मृत्यु हुँदा सन्तती शैक्षिक वीमा सहायता | |
| | सेवा अवधि | सहायता रकम | | |
| १. | ३ देखि ६ वर्ष सम्म | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ५० प्रतिशतले गुणन गर्दा हुन आउने एकमुष्ठ रकम | श्रेणी विहिन तथा सहायक स्तरका स्थायी कर्मचारीहरुको हकमा | सुरु तलब स्केलको १५ महिना बराबरको तलबले हुन आउने एकमुष्ठ रकम |
| २. | ७ देखि ११ वर्ष सम्म | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ६० प्रतिशतले गुणन गर्दा हुन आउने एकमुष्ठ रकम | अधिकृत स्तरका स्थायी कर्मचारीहरुको हकमा | सुरु तलब स्केलको १२ महिना बराबरको तलबले हुन आउने एकमुष्ठ रकम |
| ३. | १२ देखि १५ वर्ष सम्म | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ७० प्रतिशतले गुणन गर्दा हुन आउने एकमुष्ठ रकम | करार सेवाका कर्मचारीहरुको हकमा | सुरु तलब स्केलको ६ महिना बराबरको तलबले हुन आउने एकमुष्ठ रकम |
| ४. | १६ देखि २० वर्ष सम्म | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ८० प्रतिशतले गुणन गर्दा हुन आउने एकमुष्ठ रकम | | |
| ५. | २० वर्ष भन्दा बढी | सेवा गरेको पूर्ण वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको १०० प्रतिशतले गुणन गर्दा हुन आउने एकमुष्ठ रकम | | |

अर्जुन गुरुङ
अध्यक्ष



AnyScanner

## अनुसूची ३

### सापटीको लागि पेश गर्ने निवेदनको ढाँचा

श्रीमान अध्यक्ष ज्यू,
कर्मचारी कल्याण कोष सञ्चालक समिति,
मर्स्याङ्दी गाउँपालिका कार्यालय, लमजुङ।

**विषयः- सापटी पाउँ भन्ने सम्बन्धमा।**

उपरोक्त विषयमा मलाई ...................... कामको लागि कर्मचारी कल्याण कोषबाट रु...........(अक्षरुपी............) सापटी आवश्यक परेको हुनाले प्रचलित ऐन, नियम तथा कार्यविधि बमोजिम पालना गर्नुपर्ने शर्त पालना गर्न मञ्जुर भई उक्त रकम बराबर सापटी पाउँ भनी यो निवेदन पेश गरेको छु।

निवेदक
दस्तखतः
नाम, थरः
दर्जाः
मितिः